## बैठक नं. ८

आज मिति २०७९ भाद्र १० गते शुक्रवार दिनको २:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | ई. श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, का.वा. अध्यक्ष वडा न. ४ | श्री अनिल बास्कोटा | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री खीरमान सिंह बस्नेत (पृथ्वी) | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य | श्री श्याम दानकोटी | |
| २१ | सदस्य सचिव | श्री राजेन्द्र कार्की | |

Scanned with CamScanner

आमन्त्रित व्यवस्थापन कर्मचारीहरु:

| | | | |
|---|---|---|---|
| १ | उप – सचिव | श्री टंकलाल गैरे | |
| २ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| ३ | ईन्जिनियर | श्री कृष्णभोला महर्जन | |
| ४ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ५ | ईन्जिनियर | श्री सुरज ओझा | |
| ६ | सूचना प्रविधि अधिकृत | श्री परशुराम चौलागाई | |
| ७ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |

विषयवस्तुहरु

१) स्वास्थ्य तर्फका स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी सम्बन्धमा ।
२) स्थानीय दररेट सम्बन्धमा
३) सय दिनको कार्य प्रगती सम्बन्धमा
४) विविध ।

निर्णय नं. १

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कर्मचारी प्रशासन शाखाको मिति २०७८/११/२९ प.स. २०७८/०७९ च.न. २३०६ र सोही मन्त्रालयको २०७९/०४/३० को प.स. २०७९/८० च.न. ७/२७३ को पत्र उपर बैठकमा छलफल भयो । सो पत्रानुसार यस कार्यालयमा कार्यरत स्वास्थ्य तर्फका सोही मन्त्रालयबाट स्वीकृत भएको दरवन्दी भन्दा बढी रहेका कर्मचारीहरुलाई फिर्ता पठाउने निर्णय गरियो ।

निर्णय नं. २

कीर्तिपुर नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० का लागि ज्यालादर तथा दररेट काठमाण्डौ जिल्लाको ज्यालादर तथा निर्माण सामाग्रीहरुको स्वीकृत जिल्ला दररेट बमोजिम नै कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

२०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधीहरुको पदबहाली भएको सय दिनको कार्य प्रगती सम्बन्धमा मिति २०७९ साल भाद्र १३ गते सोमबार दिनको २ बजे सम्पुर्ण जनप्रतिनिधिहरु, विभिन्न समितिका पदाधिकारीहरु, पत्रकारहरु, सम्पुर्ण कर्मचारीहरु र अन्य सरोकारवालाहरुको उपस्थितिमा १०० दिनको कार्यक्रम नगरपालिकाको सभाहलमा आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

नेपाल विद्युत प्राधिकरणबाट कीर्तिपुर नगर क्षेत्रमा विस्तार भएको हाई टेन्सन लाईन बनाउदा सम्बन्धित जग्गा धनीहरुलाई मुआब्जा उपलब्ध नभएको हकमा तत्काल हाईटेन्सन लाईन सो स्थानबाट अन्यत्र व्यवस्थापन गर्न नेपाल विद्युत प्राधिकरणलाई लेखि पठाउने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ५

नगरपालिकाका लागि आवश्यक नगर प्रहरी ६ जना करारमा भर्ना गर्नका लागि मिति २०७९/०४/०२ गते सार्वजनिक सूचना प्रकाशन गरिएकोमा सो सूचना बमोजम दर्ता हुन आएका आवेदकहरुको शारिरीक तन्दुरुस्ती परीक्षणका लागि महानगरीय प्रहरी वृत, कीर्तिपुरलाई अनुरोध गरि पठाउने र परीक्षण पश्चात प्राप्त हुन आएका आवेदकहरुको प्रारम्भिक योग्यता क्रम सूची तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

नगरपालिका क्षेत्रमा विभिन्न संघसस्था, क्लब, समुह आदिबाट नगरपालिकाको समन्वयमा रक्तदान कार्यक्रम आयोजना गर्दा प्रति रक्तदाता रु. २५० (अक्षरुपी दुई सय पचास) खाजा खर्च बापत रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

कीर्तिपुर नगरपालिकाको शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७६ लाई थप स्पष्ट पार्नका लागि तपशिल बमोजिमको पाँच सदस्यीय मापदण्ड परिमार्जन समिति गठन गरि सो समितिबाट स्थलगत निरीक्षणसहितको प्रतिवेदन १५ दिन भित्र पेश गर्ने निर्णय गरियो ।साथै समितिले आवश्यकता अनुसार विज्ञहरुलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

| | |
|---|---|
| क) वडा नं. २ वडा अध्यक्ष, श्री रुपेश महर्जन | संयोजक |
| ख) वडा नं. ४ वडा अध्यक्ष, श्री श्यामकुमार अधिकारी | सदस्य |
| ग) वडा नं. ५ वडा अध्यक्ष, श्री राजेन्द्रकुमार महर्जन | सदस्य |
| घ) वडा नं. ६ वडा अध्यक्ष, श्री खिरमान सिंह बस्नेत | सदस्य |
| ङ) ई.बि.इ.एस. शाखा प्रमुख, ई. सुरज ओझा | सदस्य सचिव |

निर्णय नं. ८

कीर्तिपुर नगर क्षेत्रभन्दा बाहिर कार्यक्षेत्र भएका सहकारीहरुलाई कीर्तिपुर क्षेत्रभित्र शाखा वा सेवा केन्द्र खोल्न हाललाई स्वीकृती नदिने निर्णय गरियो ।

निर्णय नं. ९

संघ, प्रदेश, र स्थानीय सरकारबाट विनियोजित योजनाहरु दोहोरो नपर्ने गरी सञ्चालन गर्ने साथै स्थानीय सरकारको सिफारिसका आधारमा मात्र योजनाको भुक्तानी हुने व्यवस्थाका लागि प्रदेश तथा संघीय सरकारका सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

२०७९ साउन ३० गते कार्यपालिका बैठकको निर्णय नं. ९ अनुसार खेलकुद मैदानको भत्किएको रिटेनिङ वाल यथास्थितिमा दुरुस्त बनाउन पत्राचार गरिएकोमा सम्बन्धित उपभोक्ता समितिहरुबाट आजका मितिसम्म पनि कुनै जानकारी प्राप्त नभएकोले पुनः सात दिनको म्याद दिई दुरुस्त बनाउन पत्राचार गर्ने निर्णय गरियो ।

Scanned with CamScanner